"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७७/०७८

चलानी नं./Dispatch No: ६९३

मिति/Date:२०७७/०८/०५

विषयः शिक्षक उपस्थित गराउने सम्बन्धमा ।

श्री प्रधानाध्यापक ज्यू(सबै विद्यालय),

विगु गाउँपालिका, दोलखा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको मिति २०७७/८/०५ गतेको निर्णयानुसार गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरु तपसिलबमोजिम सञ्चालन गरिने र सोका लागि विद्यालयहरुमा कार्यरत दोलखा जिल्ला बाहिरका शिक्षकहरुको पि.सि.आर जाँचका लागि मिति २०७७/८/०९ गते सिंगटीस्थित कोरोना अस्पतालमा स्वाब लिने व्यवस्था गरिएको हुँदा उक्त दिन र समयमा आ-आफ्ना विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई अनिवार्य उपस्थिति गराउने व्यवस्था गर्नु हुन यो सूचना जारी गरिन्छ ।

- **विद्यालय सञ्चालनः** २०७७/०८/०७ गते आइतबारदेखि हुनेछ ।
- **विद्यालय सञ्चालनको ढाँचाः**
  - आधारभूत तह(१-५) एकै शिफ्टमा सञ्चालन गर्न सकिने
  - आधारभूत तह(१-८) सामाजिक दूरीका साथ बसाइँ व्यवस्थापन गर्न मिल्ने गरी विद्यार्थी संख्याको आधारमा एकै वा दुई शिफ्टमा सञ्चालन गर्न सकिने,
  - माध्यमिक तहका विद्यालयहरु अनिवार्यरुपमा कम्तीमा दुई शिफ्टमा सञ्चालन गरिनु पर्ने,
  - विद्यालयमा रहँदा र आउँदाजाँदा बाटोमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्न, गराउन सम्बन्धित विद्यालयको तर्फबाट आचारसंहिता जारी गर्नुपर्ने ।
  - विद्यालय सञ्चालनसम्बन्धी अन्य सम्पूर्ण प्रक्रिया शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको 'विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७ मा निर्दिष्ट मापदण्डहरुभित्र रही गरिनु पर्नेछ ।

.............................
पेमादोर्जे थोकर
प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा